जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३५ अंक २२५ २०८२ साल चैत २८ गते शनिबार (11 Apr 2026 Saturday) मूल्य रु. ५/-

**Log in : rajbirajdainik.com.np**

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं।

यस अंक भित्र : २ पृष्ठमा : सूचनाको हक कानुनको ... ३ पृष्ठमा : छोटो अवधिमा पाक्ने ... ३ पृष्ठमा : मध्यपूर्व युद्धले विश्व अर्थतन्त्रमा ...

# नेपालकी सबभन्दा कान्छी सांसद रुबी उपसभामुखमा निर्वाचित

**दैनिक समाचारदाता राजविराज, २७ चैत ।**

नेपालकी सबभन्दा कान्छी सांसदमध्ये एक रुबीकुमारी ठाकुर प्रतिनिधिसभाको उपसभामुख पदमा निर्वाचित भएकी छिन् ।

धनुषाको मझेलिया गाउँकी २५ वर्षीया रुबीकुमारी ठाकुरलाई श्रम संस्कृति पार्टीले समानुपातिकतर्फबाट प्रतिनिधिसभा सदस्य बनाएको हो ।

सभाको शुक्रबारको बैठकमा प्रस्तावक र समर्थकहरूको छलफलपछि भएको मतदानमा ठाकुर अत्यधिक मतसहित निर्वाचित भएको सभामुख डोलप्रसाद अर्यालले घोषणा गरे ।



मतदानमा ठाकुरको पक्षमा २ सय २९ र प्रतिस्पर्धी राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) की सरस्वती लामाका पक्षमा ५ मत खसेको थियो ।

कुनै पनि उम्मेदवारलाई मत दिन्न भन्नेमा २२ मत खसेको थियो । हाल प्रतिनिधिसभामा २ सय ७५ सदस्य रहेकामा मतदानमा दुई सय ५६ जना सांसदले भाग लिएका थिए ।

राप्रपाले भने एकल प्रतिस्पर्धा गरेको हो । नेकपा एमालेले भने यो निर्वाचनमा भाग लिएन ।

विजयी भएकी २६ वर्षीया ठाकुरलाई राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)सहित नेपाली कांग्रेस, नेपाल कम्युनिष्ट पार्टी (एमाले) र नेपाली कम्युनिष्ट पार्टी (नेकपा)ले मत दिएका थिए ।

# पेट्रोलियम पदार्थको मूल्यवृद्धि

**दैनिक समाचारदाता राजविराज, २७ चैत ।**

नेपाल आयल निगमले पेट्रोलियम पदार्थको मूल्य पुनः वृद्धि गरेको छ । अन्तरराष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको मूल्यमा उतारचढाव भइरहेको उल्लेख गर्दै निगमले मूल्यवृद्धि गरेको हो ।

निगमले बिहीबार १२:०० बजेदेखि लागू हुनेगरी पेट्रोल, डिजेल, मट्टितेल, खाना पकाउने एलपी ग्यास र हवाई इन्धनको मूल्य बढाएको हो । निगम सञ्चालक समितिको बैठकले पेट्रोलमा प्रतिलिटर रु १७ र डिजेल र मट्टितेलमा प्रतिलिटर रु २५-२५ का दरले मूल्यवृद्धि गरेको हो ।

यस्तै, खाना पकाउने एलपी ग्यासको मूल्य प्रतिसिलिन्डर रु एक सयका दरले वृद्धि गरिएको छ । निगमका अनुसार हवाई इन्धन (आन्तरिक)तर्फ प्रतिलिटर रु छ का दरले वृद्धि गरिएको छ ।

नयाँ मूल्यसूचीअनुसार अब काठमाडौं उपत्यकामा पेट्रोलको मूल्य प्रतिलिटर रु दुई सय १९ पुगेको छ । त्यसैगरी डिजेल र मट्टितेल प्रतिलिटर रु दुई सय सात पुगेको छ । खाना पकाउने एलपी ग्यास प्रतिसिलिन्डर दुई हजार १० पुगेको छ । त्यस्तै हवाई इन्धन (आन्तरिक)तर्फ प्रतिलिटर रु दुई सय ५७ कायम गरिएको छ ।

सरकारले भन्सार महसुल र पूर्वाधार विकास करमा नाममा उठाइँदै आएको शुल्कमा ५० प्रतिशत छुट दिए पनि घाटा कम नभएपछि मूल्य बढाउनुपरेको दावी गरेको छ । बिहीबारको मूल्यवृद्धिपछि पनि निगमलाई पाक्षिक रूपमा करिब रु सात अर्ब ८१ करोड घाटा हुने निगमको दाबी छ ।

# मानव बेचबिखन मुद्दाका प्रतिवादी पक्राउ

**दैनिक समाचारदाता राजविराज, २७ चैत ।**

सप्तरी प्रहरीले दश वर्षअघिको मानव बेचबिखन तथा ओसारपसार मुद्दाका एक प्रतिवादीलाई पक्राउ गरेको छ ।

उक्त घटनामा संलग्न रहेको आरोपमा बोदेबर्साईन नगरपालिका वडा नं. ८ का शिवकुमार साहलाई बुधबार राजविराज ६ बाट प्रहरीले पक्राउ गरेको हो ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायब उपरीक्षक डम्बर बहादुर पुरीका अनुसार २०७२ बैशाख २३ गते साविक काचन गाविस ६ स्थित सार्वजनिक बाटोबाट शिवकुमार साह र सुन्दर कुमार ठाकुरले स३प ६२० नम्बरको मोटरसाइकलमा एक व्यक्तिलाई भारत घुमाउन लैजाने बहानामा बीचमा बसाई भारततर्फ लगेको थियो । सोही घटनासँग सम्बन्धित मुद्दामा लामो समयदेखि फरार रहेका साहलाई अहिले पक्राउ गरिएको प्रहरीले जनाएको छ ।

पक्राउ परेका साहलाई मानव बेचबिखन तथा ओसारपसार मुद्दामा सप्तरी जिल्ला अदालतबाट पाँच दिनको म्याद थप गरी अनुसन्धान अघि बढाइएको प्रहरी नायब उपरीक्षक पुरीले जानकारी दिए ।

यस्तै प्रहरीले अन्य दुई फरक मुद्दाका प्रतिवादीलाई पनि पक्राउ गरेको छ । चोरी मुद्दामा राजविराज नगरपालिका वडा नं. ४ का गणेश कुमार साहलाई पक्राउ गरिएको हो । उनमाथी राजविराज ३ स्थित नगमा सहिनको घरको मूल गेटको ताल्चा फोडी भित्र प्रवेश गरेर दराजबाट सुनका गहना चोरी गरेको आरोप छ ।

त्यस्तै, ज्यान मार्ने उद्योग मुद्दामा तिलाठी कोईलाडी गाउँपालिका ८ का बिजुली भन्ने अरुण कुमार देवलाई पक्राउ गरिएको प्रहरीले जनाएको छ । उनमाथी सोही स्थानका रामप्रसाद यादवलाई बाँसको लट्ठी, फलामको रड, खुकुरी, भाला र फर्सा जस्ता घरेलु हतियार प्रयोग गरी गम्भीर कुटपिट गरेको आरोप

*बाँकी अन्तिम पृष्ठमा*

# स्वास्थ्य सेवा प्रवाहलाई प्रभावकारी बनाउन सरकारको निर्देशन

काठमाडौं, २७ चैत (रासस) ।

सरकारले शनिबार र आइतबार लगातार दुई दिन सार्वजनिक विदा दिने व्यवस्था लागू भएको सन्दर्भमा स्वास्थ्य सेवा प्रवाहलाई निरन्तर र प्रभावकारी बनाउन वैकल्पिक प्रबन्ध गर्न सम्बद्ध निकायलाई निर्देशन दिएको छ ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले अस्पतालहरूलाई आइतबारको हकमा आफ्नो कार्यबोझ र जनशक्तिका आधारमा बहिरङ्ग सेवा सञ्चालन गर्न निर्देशन दिँदै त्यसो गर्दा कर्मचारीलाई शनिबार बाहेक अर्को एक दिन गरी दुई दिन विदा दिने

*बाँकी दुई पृष्ठमा*

# श्रममा रामजी र उद्योग मन्त्रीमा गौरीकुमारी नियुक्त





**दैनिक समाचारदाता राजविराज, २७ चैत ।**

प्रधानमन्त्री वालेन्द्र शाहले मन्त्रिपरिषद विस्तार गर्दै श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रीमा रामजी यादव तथा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रीमा गौरीकुमारी यादवलाई नियुक्त गरेका छन् ।

प्रधानमन्त्री बालेन शाहले पूर्ववर्ती श्रममन्त्री दीपक साहलाई बर्खास्त गरेर रामजीले उक्त पदमा नियुक्त गरेका हुन् । यस्तै प्रधानमन्त्रीले नै राखेको उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रीमा गौरीलाई नियुक्त गरिएको हो ।

रामजी फागुन २१ को प्रतिनिधिसभा निर्वाचनमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) बाट सप्तरी २ मा निर्वाचित भएका हुन् । ३० वर्षीय रामजीले २८ हजार ४०४ मत ल्याएका थिए । उनका निकट प्रतिद्वन्द्वी जनता समाजवादी पार्टी नेपालका उमेशकुमार यादवले १४ हजार २६३ मत ल्याएका थिए भने जनमत पार्टीका अध्यक्ष सिके राउत ९ हजार ८८० मत ल्याएर तेस्रो भएका थिए ।

उनी निर्वाचनको केही समयअघि मात्र राष्ट्रिय मुक्ति पार्टी छाडेर राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) मा आबद्ध भएका थिए ।

यस्तै महोत्तरी संग्रामपुरकी ५४ वर्षीय गौरी यादव फागुन २१ को प्रतिनिधिसभा चुनावमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) बाट महोत्तरी ४ मा ३० हजार १३२ मत प्राप्त गरेर निर्वाचित हुँदा दोस्रो स्थानको मत पाउने जसपाका सुरेन्द्रकुमार यादवलाई झण्डै २२ हजारको मतान्तरले पछि परेका थिए ।

**विद्युतीय उपकरणको प्रयोगबाट बालबालिकामा पर्ने असरः**

विद्युतीय उपकरण (मोबाइल, ट्याब, ल्यापटप) आदिको अधिक प्रयोगलेः

- बालबालिकाको आँखाको ज्योति कमजोर हुनसक्छ,
- दिमागमा असर पर्नसक्छ,
- समयमा नसुत्न सक्छन्,
- खानपान तथा दिसापिसाबमा ध्यान नदिन सक्छन्,
- एकान्तमा बस्न मन पराउन सक्छन्,
- झिज्याहट हुन सक्छ,
- साथीहरूसँग घुलमिल नहुन सक्छन्,
- एकै स्थानमा बसिरहँदा रक्तसञ्चारमा प्रतिकूल प्रभाव पर्न सक्छन्,
- बालबालिकामा अटिजम, शारीरिक तथा मानसिक अपाङ्गतासमेत हुनसक्ने भएकोले

बालबालिकालाई विद्युतीय उपकरणको अधिक प्रयोगबाट बचाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# चितवनका ७२ जनामा क्षयरोग पुष्टि

चितवन, २७ चैत (रासस)।

जिल्लाका विभिन्न पालिकामा गरिएको एआई एक्सरे क्याम्पबाट ७२ जनामा क्षयरोग पुष्टि भएको छ। जनस्वास्थ्य कार्यालय चितवनले भरतपुर महानगरपालिका, कालिका नगरपालिका, राप्ती नगरपालिका, माडी नगरपालिका र इच्छाकामना गाउँपालिकामा उक्त उपकरणको सहायताले क्षयरोगको पहिचान गरेको हो।

कार्यालयका क्षयकुष्ठ अधिकृत जयराम दुवाडीले साउनयता एआई एक्सरे उपकरणको सहायताले चार हजार ७१ को परीक्षण गर्दा ७२ जनामा क्षयरोग पुष्टि भएको जानकारी दिनुभयो। "परीक्षण गरिएकामध्ये दुई सय नौ जनामा क्षयरोगको लक्ष्यण देखिएको थियो। लक्ष्यण देखिएकाको थप परीक्षण गर्दा ७२ जनामा सङ्क्रमण पुष्टि भएको हो", उहाँले भन्नुभयो।

भरतपुर महानगरपालिकामा १६, कालिका नगरपालिकामा १७, माडी नगरपालिकामा १६ र इच्छाकामना गाउँपालिकामा २३ जनामा यो रोगको सङ्क्रमण पुष्टि भएको क्षयकुष्ठ अधिकृत दुवाडीले जानकारी दिनुभयो। उक्त एक्सरे उपकरणमा एआई प्रविधिको जडान गरिनुका साथै उक्त उपकरणले बिरामीको अवस्थासहितको जानकारी दिने बताउँदै उहाँले उपकरणको सही प्रयोग गर्ने उद्देश्यले विशेषज्ञ चिकित्सकको सहायतामा क्षयरोग पहिचानसम्बन्धी शिविर सञ्चालन गरिएको उल्लेख गर्नुभयो।

क्षयकुष्ठ अधिकृत दुवाडीका अनुसार यो रोग माइक्रोब्याक्टेरियम ट्युबरकुलोसिस नामक ब्याक्टेरियाको सङ्क्रमणका कारण हुन्छ। "रोग लागेको सुरुआती अवस्थामा थोरै काम गर्दा पनि थकान महसुस हुने र कमजोरी महसुस हुन थाल्छ। मानिसले यस्ता लक्षणलाई गम्भीरतापूर्वक लिँदैनन्। विस्तारै क्षयरोगको ब्याक्टेरियाले सङ्क्रमणको रूप लिई म्भीर समस्या निम्त्याउने गर्दछ", उहाँले भन्नुभयो।

रुघाखोकी लाग्नु, ज्वरो आउनु क्षयरोगको प्रारम्भिक लक्षण हो। सामान्यतया यस्ता समस्या पाँच दिनभित्रमा ठिक पनि हुन्छन्। तर, लगातार रुघाखोकी लागिरह्यो, ज्वरो कम भएन, दुई हप्तासम्म पनि खोकी रहिरह्यो भने तुरुन्तै चिकित्सककहाँ जानुपर्ने क्षयकुष्ठ अधिकृत दुवाडीले सुझाव दिनुभयो।

यो रोग लागेमा सुर्ती मिसाएर बनेका कुनै पनि पदार्थ सेवन नगर्ने, सुरु गरेको भए तुरुन्तै छोड्नुपर्छ। अधिक मदिरा, लागुपदार्थ वा औषधि सेवन गर्न नहुने क्षयकुष्ठ अधिकृत दुवाडीले बताउनुभयो। स्वास्थ्यकर्मीको परामर्श लिई नियमित रूपमा पूरा समय (छदेखि आठ महिना)सम्म निःशुल्क प्राप्त हुने औषधि सेवन गर्ने, औषधि सेवन गर्न सुरु गरेपछि स्वास्थ्यकर्मीको सल्लाहअनुसार समयसमयमा परीक्षण गर्नेलगायत कार्य गर्न आवश्यक रहेको उहाँले सुझाव दिनुभयो।

***स्वास्थ्य सेवा...***

व्यवस्था गर्ने र बिदा दिन नसक्ने अवस्थामा सट्टा बिदा दिएर सेवा प्रवाह गर्न निर्देशन दिएको हो।

प्रादेशिक अस्पताल तथा सातै प्रदेशका स्वास्थ्य विषय हेर्ने मन्त्रालयलाई पनि सोही अनुसार गर्न सङ्घीय स्वास्थ्य मन्त्रालयले अनुरोध गरेको छ।

# सूचनाको हक कानुनको कार्यान्वयन सरकारको प्राथमिकता

**उमिद बागचन्द**

काठमाडौँ, २७ चैत (रासस)।

नेपालको अधिराज्यको संविधान, २०४७ मा सूचनाको हकको व्यवस्था गरिएको थियो तर प्राथमिकतामा पर्न सकेन। संविधान कार्यान्वयनको १६ वर्ष बितिसक्दा पनि कतैबाट सूचनाको हकले स्थान पाएन। देशमा २०६२/६३ सालको जनआन्दोलनपछि जारी गरिएको अन्तरिम संविधानमा उल्लेखित प्रावधानअनुसार २०६४ सालमा सूचनाको हकसम्बन्धी ऐन २०६४ आयो र राष्ट्रिय सूचना आयोगको गठन भयो। २०६५ सालमा सूचनाको हकसम्बन्धी नियमावली पनि बन्यो। यति मात्र होइन, संविधानसभाबाट निर्मित नेपालको संविधान २०७२ को धारा, २७ मा सूचनाको हकलाई मौलिक हकका रूपमा व्यवस्था गरियो। यो कानुन खासगरी राज्यका कामकारबाहीलाई जवाफदेही र जिम्मेवार बनाउने तथा जनतालाई सुशासनको अनुभूति गराउने कानुन हो।

देश भ्रष्टाचारले चुर्लुम्मै डुब्दा पनि यो सूचनाको हकसम्बन्धी कानुनको व्यावहारिक रूपमा कार्यान्वयनमा विगतदेखि नै राज्यको सक्रियता देखिएन। यो कानुनको व्यावहारिक प्रयोगले भ्रष्टाचार कम हुन्छ भन्ने कुरासम्म बुझ्न सरकार तयार हुन सकेन। यो कानुनअन्तर्गत बनेको राष्ट्रिय सूचना आयोग अन्य आयोगभन्दा शक्तिशाली भएकै कारण यो आयोगको भूमिका स्थायी सरकारमा रहेकाहरूले न्यून गर्दै आएको देखिन्छ। यो आयोगमा सुरुमा सचिवको दरबन्दी रहेकामा अहिले सहसचिवको दरबन्दी कायम गरिएको छ। सचेतनामूलक कार्यक्रमलाई व्यापकता दिनुपर्नेमा हरेक वर्ष बजेट घटाउँदै जाँदा यसको भूमिका सीमित बन्न थालेको अनुभव हुन थालेको छ।

पछिल्लो समयमा राष्ट्रिय सूचना आयोग पनि अनुगमन गर्नेभन्दा पनि आफूलाई सरकारी कार्यालय मात्र सम्झिन थालेको टिप्पणी हुन थालेको छ। अहिले सूचनाको हकसम्बन्धी कानुनको उद्देश्यअनुसार सूचना दिलाउनेतर्फ भन्दा पनि सूचना मागकर्तालाई हतोत्साही बनाउनेतर्फ लागेको देखिन्छ। नेपालमा भ्रष्टाचार न्यूनीकरण गर्न सूचनाको हक राजनीतिक दलको एजेन्डा बन्नुपर्ने बन्न सकेन। विगतमा सूचना मागकर्ताको सङ्ख्या बढाउने र सूचना माग्ने कार्यलाई व्यावहारिक बनाउनेतर्फ आयोग र अभियानकर्ता केन्द्रित भएका थिए। यो कानुन आएको अहिले १८ वर्ष पार हुँदै गर्दा पनि आमनागरिकले सूचना माग्न खासै तत्परता देखाएको पाइँदैन। पहुँच नभएका जनताका लागि बढी महत्व हुने यो कानुन उनीहरूसम्म पुग्न अझै सकेको छैन। यसो हुनुको मुख्य कारण राज्यका संयन्त्रमा रहेका जिम्मेवार व्यक्तिहरूको बुझाइमा स्पष्ट नहुनु, थाहा हुँदाहुँदै पनि सूचना दिन नपरोस् भन्ने मानसिकता रहनु, सूचना मागकर्तालाई दुःख दिने, कानुनका रूपमा मात्र बुझ्ने गरेका यो कानुनको कार्यान्वयनमा तीव्रता आउन सकेको छैन।

मान्छेले जन्मिएदेखि मरेर अन्तिम संस्कार गदासम्म कर तिरेकै हुन्छ, आफूले तिरेको कर कहाँ र कसरी खर्च भइरहेको छ भन्ने जान्ने अधिकार प्रत्येक जनतालाई छ। यही कुरालाई सहज बुझाइका साथ अघि बढाउन आवश्यक छ। यसका साथै सरकारीस्तरमा अनुगमन र समन्वयका लागि बनेका सबै संयन्त्रको सक्रियता उत्तिकै आवश्यक छ। साँच्चै देशलाई भ्रष्टाचारमुक्त बनाउने हो भने राजनीतिक दल, दलका नेता, कार्यकर्तालाई सूचनाको हकको महत्व, आवश्यकता र यसको प्रयोगबाट हुने फाइदाबारे बुझाउन र बुझ्न जरुरी देखिन्छ। प्रधानमन्त्रीको कार्यालयमा मुख्यसचिवको संयोजकत्वमा रहेको वर्गीकरण समिति छ, सञ्चार मन्त्रालयमा सचिवको संयोजकत्वमा अनुगमन इकाइ छ, प्रदेश सरकारका प्रमुख सचिवको संयोजकत्वमा रहेको अनुगमन समिति र जिल्ला प्रशासन कार्यालयमा रहेको जिल्ला अनुगमन समितिलाई सक्रिय बनाउनुपर्ने देखिन्छ।

सूचनाको हकसम्बन्धी कानुन के हो भनेर बुझाउनुपर्ने अवस्था छ। राष्ट्रिय सूचना आयोगलाई अनुगमनमा जोड र सूचना माग्नेलाई सहज रूपमा दिलाउनेमा सक्रिय बनाउनुपर्ने देखिन्छ। स्थानीयस्तरदेखि राष्ट्रियस्तरसम्म नागरिक स्तरबाट हुने सूचनाको हकसम्बन्धी अभियानहरूमा साझेदारी गर्नुपर्ने हुन्छ। अहिले आयोगबाट आफू पनि नगर्ने अरूलाई पनि गर्न नदिने जस्तो अवस्था देखिएको छ। विगतमा राष्ट्रिय सूचना आयोग र स्वयंसेवी संस्थाहरू, सूचनाको हकका लागि राष्ट्रिय महासङ्घसँग मिलेर काम गर्ने गरेको धेरै उदाहरण छन्। अहिले आफ्नै किसिमले स्रोत नहुँदा हुँदै पनि देशभर सङ्गठन बनाएर महासङ्घ अघि बढिरहेको देखिन्छ। समुदायस्तरमा समुदाय जागरण अभियान र काठमाडौँ उपत्यकाभित्र विद्यालय तथा कलेजस्तरीय जागरण अभियान सञ्चालन गरिरहेको छ भने सूचना माग्ने अभियानलाई पनि तीव्रता दिएको छ। स्रोत नभएका कारण जसरी गर्नुपर्ने हो, त्यसरी व्यापकता पाउन सकेको छैन। यसका लागि सरकारी स्तरबाट हातेमालो हुन आवश्यक छ।

भ्रष्टाचार अन्त्यको अभियानमा सूचनाको हक महत्वपूर्ण औजार हुन सक्छ। राज्यका निकाय वा सार्वजनिक निकायको लगानीमा हुने योजनाहरूको बिल भर्पाई सार्वजनिक गर्नुपर्छ भन्ने सबैलाई बुझाउन जरुरी छ। गलत भएको छ भने कारबाहीमा परिन्छ भन्ने पनि वातावरण सिर्जना हुनुपर्छ। यस्तो भए स्वतः गलत काम रोकिन्छ। यो कुरा सरकार र नागरिकस्तरबाट बुझ्न र

***बाँकी तीन पृष्ठमा***

नेपाल सरकार

भूमि व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय

भूमि व्यवस्थापन तथा अभिलेख विभाग

**भूमि सुधार तथा मालपोत कार्यालय सप्तरी,राजविराज**

मिति :-२०८२/१२/२४

**विषयः- ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना।**

यसमा २००४ सालको जमाबन्दी श्रेस्ता बमोजिम रैती नं. ५७ बाबुलाल गोपको नाममा कायम रहेका साबिक प्रगन्ना पकरी मौजे मल्हनिया सा.कि.नं. १३२ ज.वि. ०-८-२ जग्गा रवि गोपको नाममा ७ नं. फाटवारीमा जि.स. पं. मल्हनिया सा.कि.नं.१३२ ज.वि. ०-८-२ कायम भएको जग्गा २०२८ सालमा तपसिल बमोजिम नापी भएको जग्गा छुट जग्गा दर्ता नामसारी समेत गरी पाउँ भनी जिल्ला सप्तरी गा.वि.स. मल्हनिया वार्ड नं.२ हाल बलान बिहुल गा.पा. वडा नं. १ बस्ने श्री लाल गोपको नाति रवि यादवको छोरा ध्यानी यादव-१ र देवली यादव-१ समेत २ को यस कार्यालयमा द.नं. १२०२९ *मिति २०८१/११/११ गतेमा माग निवेदन परी हकदावी सम्बन्धी सार्वजनिक सुचना प्रकाशित गर्न मिति* २०८२/१२/२४ मा आदेश भए बमोजिम यो ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना प्रकाशित गरिएको छ। तपसिलमा उल्लेखित जग्गा निवेदकहरु बाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकको नाममा छुट जग्गा दर्ता नामसारी गर्दा कसैको हक जानेछ वा अन्य कुनै व्यक्ति विशेष वा नेपाल सरकार, सार्वजनिक, सामुदायिक, डगर, बाटो, ऐलानी , प्रति, गोचर, समसानघाट, पैनी, पौवा, पार्क, हाट,मेला लाग्ने ठाँउ वा सरकारी जग्गा भए/ नभएको सम्बन्धमा यो सुचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा सप्रमाण सहित यस कार्यालयमा आई उजुरी गर्नुहोला। म्यादभित्र कसैको हकदावी उजुरी पर्न नआएमा निवेदकहरुको माग दावी बमोजिम छुट जग्गा दर्ता नामसारी गर्ने तर्फ कानून बमोजिम कारवाही भै जानेछ। यस सम्बन्धमा पछि कुनै पनि उजुरी दावी नलाग्ने ब्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ।

तपसिल

| साबिक कि.नं. | साबिक दर्तावाला | गा.वि.स. | वार्ड नं. | हालको कि.नं. | क्षेत्रफल | हालको दर्तावाला | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १३२ | बाबुलाल गोप | मल्हनिया | २क | ३०४ | ०-२-१७.५ | ध्यानी यादव र देवली यादव समेत २ | यो जग्गा फिल्डबुकको ज.ध. महल खाली, किसान को महल खाली, किसानको ब्यहोरा महल खाली, कैफियत महलमा यो जग्गा मल्हनिया वार्ड नं. २ मा बस्ने रवि यादवको नम्बरी हो जनिएको। |

**डा. भगवती यादव**
**Dr. Bhagwati Yadav**
MBBS, MD Paediatrics (USC)
NMC Reg. No. : 11389
**नवजात शिशु तथा बाल रोग विशेषज्ञ**

**डा. सरोज कुमार साह**
**Dr. Saroj Kumar Sah**
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**

**डा. जयन्ती यादव**
**Dr. Jayanti Yadav**
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
**बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ**

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# छोटो अवधिमा पाक्ने धानको खोजी

धनुषा, २७ चैत (रासस) ।

धान उत्पादनमा आत्मनिर्भरता हासिल गर्ने उद्देश्यका साथ धनुषाको हर्दिनाथस्थित राष्ट्रिय धानबाली अनुसन्धान कार्यक्रमले छोटो अवधिमा पाक्ने तथा उच्च उत्पादन दिने धानका विभिन्न जातको परीक्षण सुरु गरेको छ । 'कोपिया परियोजना' अन्तर्गत धनुषाको बटेश्वरमा किसानसँगको सहकार्यमा यो परीक्षण अघि बढाइएको हो ।

नेपाल कृषि अनुसन्धान परिषद् (नार्क) की वरिष्ठ वैज्ञानिक डा पल्लवी सिंहका अनुसार जलवायु परिवर्तनका कारण खेती प्रणालीमा देखिएका चुनौतीलाई सम्बोधन गर्न छिटो पाक्ने र उत्पादन क्षमता बढी हुने धानका जातको खोजी तथा परीक्षण थालिएको हो । "परीक्षण सफल भए उत्पादन वृद्धि मात्र होइन, समयमै बाली भित्र्याउन सकिने भएकाले किसानलाई प्रत्यक्ष लाभ पुग्छ", उहाँले बताउनुभयो ।

वरिष्ठ वैज्ञानिक डा सिंहका अनुसार किसानको अनुभवलाई अनुसन्धानसँग जोड्न बटेश्वरमा प्रत्यक्ष खेतमै धानका बिरुवा रोपिएको छ । परीक्षणमा सहभागी किसानले आफ्नै खेतमा विभिन्न जातका धान रोपेर तिनको वृद्धि, उत्पादन क्षमता तथा रोगप्रतिरोधी अवस्थाको अवलोकन गरिरहेका छन् । किसानका अनुभव, आवश्यकता र प्राथमिकताका आधारमा उपयुक्त जात छनोट गरिने व्यवस्था गरिएको छ ।

अनुसन्धान कार्यक्रम हर्दिनाथका सूचना अधिकारी तथा वरिष्ठ प्राविधिक रवेन्द्रप्रसाद साहले हालसम्म छोटो अवधिमा उत्पादन दिने धानमध्ये 'हर्दिनाथ-१' प्रमुख जात रहेको जानकारी दिनुभयो । उहाँका अनुसार उक्त जात करिब १०५ दिनमै पाक्ने गर्दछ । "यसभन्दा कम अवधिमा तयार हुने धानको पहिचान गर्ने लक्ष्यका साथ परीक्षण अघि बढाइएको हो", उहाँले भन्नुभयो ।

अनुसन्धान केन्द्रको परिसरका साथै चयन गरिएका किसानका खेतमा समेत विभिन्न धानका जात रोपेर परीक्षण भइरहेको छ । यसले प्रयोगशालामा सीमित अनुसन्धानलाई खेतसम्म विस्तार गर्दै किसानको व्यावहारिक

***बाँकी अन्तिम पृष्ठमा***

## *सूचनाको हक ...*

बुझाउन जरुरी छ ।

नागरिक स्तरबाट पनि बुझाउने गरिएको प्रयासलाई सहज रूपमा लिने गरिएको पाइँदैन । यसका केही चुनौतीहरूको समाधानका लागि केही उपायहरूको आवश्यकता छ । पहिलो, सरकार र सार्वजनिक निकायहरूले सूचनाको हकलाई गम्भीर रूपमा लिई समयमै सूचना उपलब्ध गराउने संस्कारको विकास गर्नुपर्छ । दोस्रो, पत्रकारहरूको क्षमता अभिवृद्धि गर्न तालिम, स्रोत साधन र प्रविधिको पहुँच बढाउन आवश्यक छ । तेस्रो, पत्रकारहरूको सुरक्षा सुनिश्चित गर्न कडा कानुनी व्यवस्था र त्यसको प्रभावकारी कार्यान्वयन हुनुपर्छ ।

साथै, सञ्चारमाध्यमले पनि आफ्नो पेसागत आचारसंहिता पालना गर्दै निष्पक्ष र सत्यतथ्यमा आधारित समाचार प्रस्तुत गर्न सूचनाको हक प्रयोग गर्नुपर्छ । सूचनाको हकको प्रभावकारी कार्यान्वयन बिना लोकतन्त्र सुदृढ हुन सक्दैन । यसमा सूचनाको हकको भूमिका अत्यन्त महत्वपूर्ण र अपरिहार्य छ । नागरिकलाई सशक्त बनाउने, सरकारलाई जवाफदेही गराउने र समाजमा पारदर्शिता ल्याउने कामलाई सञ्चारमाध्यमले प्राथमिकता दिनुपर्ने हुन्छ । त्यसैले सूचनाको हकलाई व्यावहारिक रूपमा कार्यान्वयन गर्ने कार्यलाई सफल बनाउन राज्य, नागरिक समाज र पत्रकारिता क्षेत्रको समन्वयात्मक भूमिका आवश्यक छ । सुशासन, पारदर्शिता र उत्तरदायित्व सुनिश्चित गर्दै समृद्ध र लोकतान्त्रिक समाज निर्माण गर्न सकिन्छ । यो कानुन जनताका पक्षमा रहेको महत्वपूर्ण कानुन हो । यो कानुन ल्याउन नेपाल पत्रकार महासङ्घको महत्वपूर्ण भूमिका थियो । सूचनाको हक र सञ्चारसँग सम्बन्धित कुनै पनि काम कारबाहीका लागि अहिले पनि पत्रकार महासङ्घलाई सरकारले समितिमै राखेर सुझाव दिने अवसर प्रदान गरेको छ । यति मात्र होइन, राष्ट्रिय सूचना आयोगको गठनमा निर्णय गर्ने भूमिका दिइएको छ ।

सूचना आधुनिक लोकतान्त्रिक समाजको मेरुदण्ड हो । नागरिकले राज्यका गतिविधि, निर्णय र खर्चबारे जानकारी पाउने अधिकार नै सूचनाको हक हो । नेपालमा सूचनाको हकलाई संविधानमा मौलिक हकका रूपमा सुनिश्चित गर्नाका साथै अलग्गै कानुनमार्फत यसको कार्यान्वयनको कानुनी आधार तयार गरिएको छ । तर, कानुन बनेर मात्र यसको प्रभावकारी कार्यान्वयन स्वतः हुँदैन । यसलाई व्यवहारमा लागू गराउन विभिन्न पक्षको सक्रिय भूमिका आवश्यक पर्छ । यसमा सूचनाको हकका अभियानकर्ता र पत्रकारिता क्षेत्रको भूमिका अत्यन्त महत्वपूर्ण हुनसक्छ ।

भ्रष्टाचार अन्त्य र सुशासनको मुद्दा लिएर जेन-जी विद्रोहको आडमा भएको सङ्घीय संसद्को निर्वाचनमा सुशासन कायम गर्ने र भ्रष्टाचारको अन्त्य गर्ने उद्घोषका साथ राष्ट्रिय स्वतन्त्र पार्टीले करिब दुई तिहाईको जनमत पाएको थियो । त्यही जनमतबाट गठित वर्तमान सरकारले भ्रष्टाचार नियन्त्रण र सुशासन कायम गर्ने पार्टीको उद्घोषलाई अझ परिणाममुखी बनाउन पनि सूचनाको हकसम्बन्धी ऐन २०६४ कानुनको व्यावहारिक कार्यान्वयनमा जोड दिनुपर्छ । यसका लागि सरकारी निकायलाई जवाफदेही र जिम्मेवार बनाउन कडा निर्देशन दिने र सूचना नदिनेलाई कारबाही गर्ने प्रावधान कडाइका साथ लागु गर्न सकेको अवस्थामा सरकारको प्रभावकारिता बढ्न जाने मात्र होइन, मुलुकमा सुशासन कायम भई नागरिकले लोकतन्त्रको अनुभूति गर्न पाउनेछन् । (लेखक सूचनाको हकका लागि राष्ट्रिय महासङ्घका केन्द्रीय अध्यक्ष तथा नेपाल पत्रकार महासङ्घका केन्द्रीय उपाध्यक्ष हुनुहुन्छ)


नेपाल सरकार

कृषि, भूमि, व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय

भूमी व्यवस्थापन तथा अभिलेख विभाग

**भूमि सुधार तथा मालपोत कार्यालय, राजविराज**

**सप्तरी**

चलानी नं. ५३२१

पत्र संख्या :

प्राप्त पत्र संख्या र मिति:

मिति: २०८२।१२।१९

**विषय : दुरुस्त ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सुचना ।**

प्रमाणित पकरी दर्ता रहेको साबिक [illegible] मौजा रैन — हाल तपसिल बमोजिम नापी भएको जग्गा [illegible] कि.नं. ८२ को दुरुस्त गरी प्रमाण पुर्जा पाउ भन्ने गा.वि.स./न.पा. फत्तेपुर वार्ड नं. ६ बस्ने श्री [illegible] को द.नं. १६३८६ मिति २०८२।१०।१९ मा निवेदन परी [illegible] ३५ सार्वजनिक सुचना प्रकाशित गर्न मिति २०८२।१२।१ मा आदेश भए अनुरुप यो ३५ दिने सुचना प्रकाशित गरिएको छ । तपसिलमा उल्लेखित जग्गामा निवेदक बाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकको नामा जग्गा दर्ता नामसारी नाम थर वतन संशोधन गर्दा कसैको हक जाने छ भने सुचना प्रकाशित भएको मितिले ३५ दिन भित्रमा सप्रमाण यस कार्यालयमा आई उजुरी गर्नु होला । म्याद भित्र कसैको दावीउजुरी पर्न नआएमा निवेदकको माँग दावी बमोजिम दुरुस्त नामसारी — गर्ने तर्फ कानुन बमोजिम कार्यवाही भै जानेछ । सो सम्बन्धमा पछि कुनै पनि उजुरो दावी नलाग्ने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

**तपसिल**

| गा.वि.स./न.पा. | वार्ड नं. | हाल कि.नं. | क्षेत्रफल | साविक दर्तावाला | कैफियत |
|---|---|---|---|---|---|
| [illegible] | ११५ ८क | ८२ | ०-०-१३ | [illegible] | [illegible] |


# विश्व समाचार

## मध्यपूर्व युद्धले विश्व अर्थतन्त्रमा ठूलो असर

बर्लिन, २७ चैत (रासस/सिन्ह्वा) ।

हालै अन्तर्राष्ट्रिय मुद्रा कोषले विश्व अर्थतन्त्रको वृद्धिदर घट्ने चेतावनी दिएको छ । यसको मुख्य कारण मध्यपूर्व क्षेत्रमा भइरहेको युद्ध हो, जसले विश्वभर गम्भीर आर्थिक असर पारिरहेको छ । यसको प्रमुखले युद्धपछि परिस्थिति पहिले जस्तो सहज रूपमा फर्किने सम्भावना नभरहेको बताउनुभयो । ऊर्जा स्रोतको मूल्य तीव्र रूपमा बढ्नु, सडक, उद्योगजस्ता संरचनामा क्षति हुनु, आपूर्ति प्रणालीमा अवरोध आउनु र बजारमा विश्वास घट्नुजस्ता कारणले विश्व आर्थिक वृद्धिमा ठूलो असर परेको छ । यस संस्थाले युद्धबाट प्रभावित देशहरूलाई सहयोग गर्न तत्काल ठूलो आर्थिक सहायता आवश्यक पर्ने जनाएको छ । अनुमान अनुसार २० अर्बदेखि ५० अर्ब डलरसम्म सहयोग आवश्यक पर्न सक्छ । यसका साथै खाद्य संकट पनि बढ्ने देखिएको छ, जसका कारण कम्तीमा ४५ लाख मानिस प्रभावित हुने सम्भावना छ । विशेषगरी गरिब तथा ऊर्जा आयात गर्ने देशहरू यस संकटबाट सबैभन्दा बढी प्रभावित हुनेछन् । यसैबीच विश्व बैङ्कका अध्यक्षले पनि विकासशील देशहरूलाई सहयोग गर्न छोटो समयमा २५ अर्ब डलरसम्म उपलब्ध गराउन सकिने बताउनुभयो । दीर्घकालीन रूपमा भने ६० अर्ब डलरसम्म सहयोग गर्न सकिने योजना रहेको छ । यो युद्धले तेलको मूल्य बढाएको छ, किनभने महत्वपूर्ण जलमार्ग अवरुद्ध भएपछि विश्व बजारमा आपूर्ति घटेको छ । यसका कारण विश्वव्यापी मुद्रास्फीति पनि बढ्ने अपेक्षा गरिएको छ । तेल, ग्यास र मलको मूल्य बढ्दा खाद्यान्न उत्पादन महँगो हुनेछ, जसले खाद्य मूल्य पनि बढाउनेछ । यसले गरिब देशहरूमा भोकमरीको जोखिम झन बढाउनेछ। यस संस्थाका अनुसार युद्ध हुने देशहरूको उत्पादन सुरुमा करिब ३ प्रतिशतले घट्छ र यसको असर लामो समयसम्म रहन्छ ।

## युद्धका कारण विश्व आपूर्ति प्रणाली प्रभावित

पेरिस, २७ चैत (रासस/एएफपी) ।

मध्यपूर्वमा जारी युद्धका बीच विश्व अर्थतन्त्रमा गहिरो असर देखिएको छ । लगानीकर्ताहरूले शान्ति वार्ताको आशा राख्दै शेयर बजारमा सुधार देखिए पनि तेल बजार भने अझै अस्थिर छ । प्रमुख अन्तर्राष्ट्रिय बजारहरूमा शेयर सूचकाङ्क बढेका छन्, तर कच्चा तेलको मूल्य निरन्तर माथि गएको छ र ब्रेन्ट तेल करिब प्रति ब्यारेल १०० डलरको आसपास पुगेको छ । प्रमुख तेल आपूर्ति मार्गमा अवरोधका कारण ऊर्जा सङ्कटको चिन्ता कायमै छ । जापानले तेल आपूर्ति स्थिर राख्न राष्ट्रिय भण्डारबाट थप तेल निकाल्ने घोषणा गरेको छ। सरकारले करिब २० दिन बराबरको तेल आपूर्ति बजारमा ल्याउने तयारी गरेको छ । यसअघि पनि मूल्य वृद्धि रोक्न जापानले आफ्नो भण्डार प्रयोग गरिसकेको थियो। यस कदमले विश्व बजारमा आपूर्तिको दबाब केही कम गर्ने अपेक्षा गरिएको छ। यसैबीच, अमेरिका र बेलायतका नेताहरूले महत्वपूर्ण जलमार्ग पुनः सञ्चालनका लागि व्यवहारिक योजना बनाउने विषयमा छलफल गरेका छन् । उनीहरूले शान्ति भए पनि तेल ढुवानी सहज बनाउन तत्काल कदम आवश्यक रहेको बताएका छन् । युरोपेली सङ्घले भने कुनै पनि प्रकारको शुल्क वा कर बिना जलमार्गमा स्वतन्त्र आवतजावत सुनिश्चित हुनुपर्ने बताएको छ। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानले जलमार्ग प्रयोग गर्ने जहाजहरूबाट शुल्क लिने प्रयास गरे कडा प्रतिक्रिया दिने चेतावनी दिनुभएको छ। उहाँले तेल प्रवाह छिट्टै सामान्य हुने दाबी पनि गर्नुभयो। यसले राजनीतिक तनाव अझै कायम रहेको देखाउँछ। यसैबीच, अन्तर्राष्ट्रिय मुद्रा कोषले युद्धका कारण विश्व आर्थिक वृद्धिदर घट्ने चेतावनी दिएको छ। आपूर्ति श्रृङ्खला अवरुद्ध हुँदा ऊर्जा र खाद्य मूल्य बढ्ने र करोडौँ मानिस खाद्य सङ्कटमा पर्ने सम्भावना रहेको बताइएको छ । विश्व बैङ्क र अन्य संस्थाहरूले प्रभावित देशहरूलाई आर्थिक सहायता उपलब्ध गराउने तयारी गरिरहेका छन् । युरोपमा ऊर्जा सङ्कटको जोखिम पनि बढेको छ। ग्यास भण्डारण कम भएको कारण समयमै भण्डारण भर्नुपर्ने चेतावनी दिइएको छ। यदि आपूर्ति सुधार भएन भने आगामी जाडोमा ऊर्जा अभावको समस्या गम्भीर हुन सक्छ । यसैबीच केही राहतस्वरूप युरोपेली विकास बैंकले प्रभावित अर्थतन्त्रका लागि ठूलो आर्थिक प्याकेज घोषणा गरेको छ। साथै, एयरलाइन्स कम्पनीहरूले सुरक्षा जोखिमका कारण मध्यपूर्वका केही गन्तव्यहरूमा उडान स्थगित गरेका छन् ।

## विश्व अर्थतन्त्रमा जोखिम बढ्दै, सावधानी आवश्यक : आईएमएफ

न्यूयोर्क, २७ चैत (रासस/सिन्ह्वा) ।

अन्तर्राष्ट्रिय मुद्रा कोष (आईएमएफ) को प्रमुख क्रिस्टालिना जर्जिएभाले मध्यपूर्वमा जारी युद्धका कारण विश्व अर्थतन्त्रमा परेको असर न्यूनीकरण गर्न सबै देशहरूले समन्वयात्मक रूपमा काम गर्नुपर्ने आह्वान गर्नुभएको छ । न्युयोर्कमा आयोजित सन् २०२६ को वसन्त बैठकको उद्घाटनका अवसरमा बोल्दै उनले एक्लाएक्लै निर्णय लिने, निर्यात नियन्त्रण गर्ने वा मूल्य नियन्त्रणजस्ता कदमहरूले विश्व आर्थिक अवस्थालाई अझ अस्थिर बनाउन सक्ने चेतावनी दिनुभएको छ । उहाँका अनुसार प्रत्येक देशका वित्तीय निकायहरूले कमजोर वर्गलाई लक्षित गरी सीमित र अस्थायी सहयोग प्रदान गर्नुपर्छ, जुन मध्यम अवधिको आर्थिक योजनासँग मिल्दोजुल्दो हुनुपर्छ । यसले आर्थिक दबाबमा परेका नागरिकलाई राहत दिन सहयोग गर्नेछ तर दीर्घकालीन आर्थिक स्थायित्वमा असर नपार्नेछ। त्यसैगरी उहाँले केन्द्रीय बैङ्कहरूलाई पनि सचेत रहन आग्रह गर्दै मुद्रास्फीति अनियन्त्रित हुने सङ्केत देखिएमा ब्याजदर बढाएर नियन्त्रण गर्नुपर्ने बताउनुभएको छ । उहाँले यस्तो कदमले मूल्यवृद्धिको चक्रलाई नियन्त्रण गर्न मद्दत गर्ने उल्लेख गर्नुभयो । साथै, आर्थिक सहयोग कार्यक्रमहरू अस्थायी र स्पष्ट समयसीमा सहित लागू गर्नुपर्नेमा जोड दिनुभयो । उहाँले वित्तीय नियामक निकायहरूलाई पनि सजग, लचिलो र छिटो प्रतिक्रिया दिन सक्ने बनिनुपर्ने आवश्यकता औंल्याउनुभएको छ, किनभने वर्तमान अवस्था अत्यन्त परिवर्तनशील रहेको छ । सीमित आर्थिक स्रोतहरूको जिम्मेवार प्रयोग गर्दै वित्तीय स्थायित्व कायम राख्न सूक्ष्म तथा समष्टिगत नीतिहरू प्रभावकारी रूपमा लागू गर्नुपर्ने उहाँले बताउनुभयो । उहाँले सदस्य राष्ट्रहरूलाई आवश्यक वित्तीय सहयोग उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गर्दै मध्यपूर्व युद्धको प्रभावका कारण छोटो अवधिमा भुक्तानी सन्तुलनका लागि सहयोगको माग करिब २० अर्बदेखि ५० अर्ब डलरसम्म पुग्न सक्ने अनुमान व्यक्त गनुभएको छ ।

# चार महिनापछि खुल्यो लहान नगरपालिकाको बैंक खाता

सिरहा, २७ चैत (रासस)।

विगत चार महिनादेखि रोक्का रहेको लहान नगरपालिकाको बैंक खाता बिहीबारदेखि पुनः सञ्चालनमा आएको छ। खाता सञ्चालनमा आएसँगै लामो समयदेखि रोकिएको कर्मचारीको तलब, सामाजिक सुरक्षा भत्ता र विकास निर्माणका कामको भुक्तानी हुने भएको छ।

खाता रोक्का हुँदा नगरपालिकामा कार्यरत कर्मचारी र शिक्षकले तलब पाउन सकेका थिएनन्। यसका साथै विद्यालयका पाठ्यपुस्तक, छात्रवृत्ति, दिवा खाजा र विद्यालय व्यवस्थापन अनुदानसमेत रोकिएकाले शैक्षिक क्षेत्र नराम्ररी प्रभावित भएको थियो। तलब नपाएपछि कर्मचारी र शिक्षकहरूले नयाँ वर्ष २०८३ अघि नै निकासा नभए कडा आन्दोलनमा उत्रिने चेतावनीसमेत दिएका थिए।

नगरपालिकाको खाता रोक्का हुनुको मुख्य कारण प्रमुख प्रशासकीय अधिकृत जयकान्त झाको सरुवासम्बन्धी विवाद थियो। सरकारले झाको स्थानमा शिक्षातर्फका उपसचिवलाई पठाउन खोजेपछि नगरपालिकाले असहमति जनाएको थियो। आफ्नो अवकाश हुन केही महिनामात्र बाँकी रहेको भन्दै झाले सरुवा रोक्न प्रशासकीय अदालतमा मुद्दा दायर गर्नुभएको थियो।

अदालतले फागुन ११ गते सरुवालाई यथास्थितिमा राख्न आदेश दिए पनि मन्त्रालयले खाता फुकुवा नगर्दा समस्या लम्बिएको थियो। हाललाई जयकान्त झा नै प्रमुख प्रशासकीय अधिकृतका रूपमा कायम रहनेगरी खाता सञ्चालन भएको हो।

खाता सञ्चालन भएपछि नगरप्रमुख चौधरीले प्रशासनिक जटिलताका कारण सेवाग्राही र कर्मचारीले भोग्नुपरेको समस्याप्रति आफूहरू सजग रहेको बताउनुभयो। उहाँले भन्नुभयो, "लामो समयको अवरोध हटेको छ, अब नगरपालिकाको आर्थिक र प्रशासनिक कामकाजले पुनः गति लिनेछ र रोकिएका सबै प्रक्रियालाई हामी द्रुतगतिमा अगाडि बढाउनेछौँ।"

खाता खुलेपछि अब कर्मचारीको रोकिएको तलब र सामाजिक सुरक्षा भत्ता वितरणको प्रक्रिया तत्कालै अघि बढ्ने नगरपालिकाले जनाएको छ।

# सरकारमा समावेशी सहभागिता : मन्त्रिपरिषदमा ४० प्रतिशत महिला

काठमाडौँ, २७ चैत (रासस)।

प्रधानमन्त्री वालेन्द्र शाह नेतृत्वको सरकारले समावेशी शासनलाई केन्द्रमा राख्दै मन्त्रिपरिषद्मा महिलाको सहभागिता करिब ४० प्रतिशत गराएको छ। कुल १६ सदस्यीय मन्त्रिपरिषद्मा छ जना महिला मन्त्री नियुक्त हुनुभएको हो। यसले ३७ दशमलव पाँच (करिब ४०) प्रतिशत प्रतिनिधित्व कायम गरेको छ।

यो अनुपातले नेपालमा मन्त्रिपरिषद्स्तरमा महिला सहभागिताको नयाँ मानक स्थापित गरेको प्रधानमन्त्री शाहकी प्रेस तथा अनुसन्धानविज्ञ दिपा दाहालले बताउनुभयो। "वर्तमान सरकार समावेशी र समतामूलक शासन प्रणालीमा विश्वास गर्छ। मन्त्रिपरिषद्मा ३७ दशमलव पाँच प्रतिशत महिला मन्त्रीको उपस्थिति हुनुले हामीले भन्दै आएको रुपान्तरणकारी राजनीतिलाई व्यवहारमा उतारेको पुष्टि गर्छ", उहाँले भन्नुभयो।

अधिवक्ता तथा अधिकारकर्मीले पनि सरकारको यो कदमको प्रशंसा गरेका छन्। गत चैत १३ गते प्रधानमन्त्री शाह नेतृत्वको नयाँ सरकार गठन हुँदा कानुन, न्याय तथा संसदीय मामिलामन्त्रीमा सोबिता गौतम, कृषि तथा पशुपन्छी विकासमन्त्रीमा गीता चौधरी, महिला बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्रीमा सीता वादी, स्वास्थ्य तथा जनसङ्ख्यामन्त्रीमा निशा मेहेता नियुक्त हुनुभयो।

प्रधानमन्त्री शाहको सिफारिसमा राष्ट्रपति रामचन्द्र पौडेलले शुक्रबारे उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्रीमा गौरीकुमारी यादवलाई नियुक्त गर्नुभएको छ। नेपालको संविधानले राज्यका निकायमा कम्तीमा ३३ प्रतिशत महिला सहभागिता सुनिश्चित गरे पनि विगतका सरकारमा यो लक्ष्य प्रायः पूरा हुनसकेको थिएन। यसपटकको सरकारले उक्त संवैधानिक सीमालाई पार गर्दै करिब ४० प्रतिशत महिला सहभागिता पुर्‍याएको भन्दै अधिकारकर्मीले यसलाई सकारात्मक रूपमा लिनुपर्ने भन्दै समावेशी शासनतर्फ सकारात्मक कदमका रूपमा हेरिएको प्रतिक्रिया दिएका छन्।

यस कदमले समावेशी लोकतन्त्रलाई मजबुत बनाउनका लागि महिलामैत्री नीति निर्माणमा सहयोग पुग्ने उहाँहरूको बुझाइ छ। राष्ट्रिय मानवअधिकार आयोगकी पूर्वसदस्य मोहना अन्सारीले मन्त्रिपरिषद्मा महिलाको यस्तो उच्च सहभागिता मुलुकको इतिहासमा पहिलो भएको बताउँदै यसलाई महत्त्वपूर्ण र सकारात्मक उपलब्धिका रूपमा लिनुपर्नेमा जोड दिनुभयो।

"सङ्ख्याका आधारमा मन्त्रिपरिषद्मा यति धेरै महिला सहभागिता पहिलोपटक भएको हो", उहाँले भन्नुभयो, "१६ सदस्यीय मन्त्रिपरिषद्मा छ जना महिला सहभागी हुनु भनेको महिला नेतृत्वमा समावेशीतर्फ एक उदाहरणीय कदम हो। साथै शुक्रबारै रुबी ठाकुरलाई उपसभामुखमा चयन गर्नु समावेशी एजेन्डाप्रति सरकारको संवेदनशीलताको बलियो सङ्केत हो।"

वरिष्ठ अधिवक्ता मीरा ढुङ्गानाका अनुसार यो सहभागिता सन्तोषजनकमात्र नभई नीतिगत संवेदनशीलता बढाउने अवसर पनि हो। "महिलाको सहभागिताले महिलासम्बन्धी मुद्दामा संवेदनशील निर्णय लिन सहयोग पुग्नेछ", उहाँले विश्वास व्यक्त गर्नुभयो। उहाँले निकट भविष्यमा महिला सहभागिता ५० प्रतिशतसम्म पुर्‍याउनुपर्ने सुझाव पनि दिनुभयो।

अधिवक्ता भावना दाहालले सङ्ख्यासँगै विविधता पनि महत्त्वपूर्ण हुने बताउँदै वर्तमान मन्त्रिपरिषद्ले सकारात्मक सन्देश दिएको धारणा राख्नुभयो। "सङ्ख्यामात्र होइन, महिला नेतृत्वमा विविधता हुनु पनि सकारात्मक सङ्केत हो", उहाँले भन्नुभयो।

# 'श्रम स्वीकृति' सम्बन्धी भ्रामक सूचना हटाउन वैदेशिक रोजगार विभागको निर्देशन

काठमाडौँ, २७ चैत (रासस)।

वैदेशिक रोजगार विभागले विभाग आसपास रहेका साइबर सेन्टर र तालिम केन्द्र (इन्स्टिच्युट)बाट 'श्रम स्वीकृति' सम्बन्धी भ्रामक सूचना यही चैत ३० गतेभित्र हटाउन निर्देशन दिएको छ।

'यहाँ श्रम गरिन्छ', 'श्रम स्वीकृतिसम्बन्धी कार्य गरिन्छ', 'श्रम अनलाइन फारम भरिन्छ' वा अन्य 'श्रम' सम्बन्धी भ्रमपूर्ण सूचानाले वैदेशिक रोजगारीमा जाने सेवाग्राहीलाई भ्रममा पार्ने गरेको भन्दै विभागले ती सूचना तत्काल हटाउन निर्देशन दिएको हो।

श्रम स्वीकृतिसम्बन्धी वैदेशिक रोजगार विभाग तथा तोकिएका श्रम तथा रोजगार कार्यालयबाट मात्र हुने व्यवस्था रहेको विभागले जनाएको छ। विभागले शुक्रबार सूचना जारी गर्दै उक्त काममा भ्रम सृजना गर्ने गरी हुने खालका लेखन तथा प्रचारप्रसार तत्काल बन्द गर्न आग्रह गरेको छ।

उक्त सूचनाको बर्खिलाफ गरेमा वैदेशिक रोजगार ऐन, २०६४ तथा अन्य प्रचलित कानुनबमोजिम कारबाही गरिने विभागले जनाएको छ।

# नागरिक एपमा सेवा थपिँदै : लोकसेवाका परीक्षार्थीको प्रवेशपत्र पनि लिन सकिने

काठमाडौँ, २७ चैत (रासस)।

सरकारले डिजिटल सुशासनलाई थप सुदृढ गर्ने लक्ष्यसहित नागरिकसँग प्रत्यक्ष रूपमा जोडिएका सेवालाई अनलाइन माध्यमबाट उपलब्ध गराउने अभियानलाई तीव्रता दिएको छ। सोही क्रममा अब निजामती कर्मचारीको व्यक्तिगत विवरण, लोकसेवा आयोगका परीक्षार्थीको प्रवेशपत्र तथा वैदेशिक अध्ययनका लागि आवश्यक 'नो अब्जेक्सन सर्टिफिकेट' (एनओसी) नागरिक एपबाट प्राप्त गर्न सकिने व्यवस्था अन्तिम चरणमा पुगेको छ।

सूचना प्रविधि विभागका महानिर्देशक चन्द्र साहले हाल उक्त प्रणाली परीक्षणको चरणमा रहेको बताउँदै आगामी एक साताभित्र पूर्ण रूपमा कार्यान्वयनमा आइसक्ने जानकारी दिनुभयो। उहाँका अनुसार सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको कार्ययोजनाअनुसार नागरिक एपमा थप सेवा उपलब्ध गराउने व्यवस्था मिलाउने तथा ४५ दिनभित्र सञ्चालनमा ल्याउने लक्ष्य राखिएको छ।

सञ्चारमन्त्री डा विक्रम तिमिल्सिनाले तोकिएको अवधिभन्दा अघि यी कामहरू सम्पन्न गर्न विभागलाई निर्देशन दिनुभएको छ। यस पहललाई अघि बढाउन उहाँले विशेष चासो देखाउँदै नागरिक एपमा थप सेवा एकीकृत गर्नसमेत निर्देशन दिनुभएको हो।

सोही निर्देशनअनुसार विभागले विभिन्न निकायसँग समन्वय गर्दै प्रणाली विकास तथा परिमार्जनको काम भइरहेको जनाएको छ। नेपाल इन्जिनियरिङ परिषद्सँग सम्झौता गरी परिषद्बाट जारी हुने व्यावसायिक इन्जिनियर प्रमाणपत्र पनि नागरिक एपबाटै उपलब्ध हुने प्रक्रियासमेत अघि बढिसकेको विभागका महानिर्देशक साहले राससलाई जानकारी दिनुभयो।

नयाँ प्रणाली लागू भएपछि लोकसेवा आयोगका परीक्षार्थीका लागि आवश्यक प्रवेशपत्र, वैदेशिक अध्ययन स्वीकृतिपत्र तथा निजामती कर्मचारीले आफ्नो व्यक्तिगत विवरणहरू नागरिक एपबाटै डाउनलोड गर्न सक्नेछन्। यसका लागि हाल प्रणालीको परीक्षण जारी छ भने नयाँ संस्करण सार्वजनिक भएपछि उक्त सुविधासहितको नागरिक एप डाउनलोड गर्न सकिनेछ।

सार्वजनिक सेवामा पारदर्शिता, सहजता र डिजिटल पहुँच विस्तार गर्ने लक्ष्यसहित मन्त्रिपरिषद्को बैठकबाट यही चैत १३ गते स्वीकृत 'शासकीय सुधारसम्बन्धी एक सय कार्यसूची' को बुँदा नम्बर ३५ मा पनि यो विषय उल्लेख छ। नागरिक एपमार्फत प्रहरी चारित्रिक प्रमाणपत्र (पुलिस क्लियरेन्स रिपोर्ट) डाउनलोड गर्न सकिने सुविधा भने हाल सञ्चालनमा आइसकेको छ। नयाँ सेवाहरू थपिएसँगै नागरिक एपलाई 'वन-स्टप डिजिटल सेवा प्लेटफर्म' बनाउने सरकारको उद्देश्य अझ सशक्त हुने अपेक्षा गरिएको छ।

डिजिटल माध्यमबाट सेवा उपलब्ध गराउने यस कदमले सेवाग्राहीलाई समय, लागत र प्रक्रियागत झन्झटबाट राहत दिने विश्वास गरिएको छ भने सरकारी सेवा प्रवाहलाई पनि थप पारदर्शी, प्रभावकारी र आधुनिक बनाउने दिशामा महत्त्वपूर्ण उपलब्धि मानिएको छ।

# एमाले अध्यक्ष ओली केही दिन अस्पतालमै रहने

काठमाडौँ, २७ चैत (रासस)।

नेपाल कम्युनिष्ट पार्टी (एमाले) का अध्यक्ष एवं पूर्व प्रधानमन्त्री केपी शर्मा ओली स्वास्थ्योपचारका लागि केही दिन अस्पतालमै रहनुहुने भएको छ।

जेनजी आन्दोलन घटनाको छानबिन गर्न गठित उच्चस्तरीय आयोगको प्रतिवेदनका आधारमा अनुसन्धानका क्रममा प्रहरी हिरासतमा रहनुभएका उहाँ बिहीबार रिहा हुनुभएको हो। उहाँ पक्राउ परेदेखि नै अस्पतालमा उपचाररत हुनुहुन्थ्यो।

अध्यक्ष ओलीले सरकारले आफूलाई पूर्वाग्रह र प्रतिशोधपूर्णरूपमा फौजदारी अभियोग लगाई १३ दिनसम्म गैरकानुनी नियन्त्रणमा राखे पनि मुद्दा चलाउने आधार र प्रमाण नपुगेपछि अन्ततः आफू रिहा भएको उल्लेख गर्नुभएको छ।

सर्वोच्च अदालतको परमादेश बमोजिम रिहा भएपछि सामाजिक सञ्जालबाट प्रतिक्रिया दिँदै अध्यक्ष ओलीले आफ्नो रिहाइका लागि आवाज उठाउने सबैमा धन्यवाद दिनुभएको छ। आयोगको प्रतिवेदन कार्यान्वयन गर्ने सरकारको निर्णयका आधारमा प्रहरीले अध्यक्ष ओलीलाई भक्तपुरको गुण्डुबाट यही चैत १४ गते नियन्त्रणमा लिएको थियो।

### छोटो अवधिमा ...

अनुभवलाई अनुसन्धान प्रक्रियामा समेट्ने काम गर्ने विश्वास गरिएको सूचना अधिकारी साहको भनाइ छ।

स्थानीय हावापानी अनुकूल, कम पानीमै उत्पादन दिन सक्ने तथा जलवायु परिवर्तनसँग अनुकूलित धानका जात पहिचान गर्न यस परीक्षणले सहयोग पुर्‍याउने अपेक्षा गरिएको छ। साथै, विशेषगरी चैते धानको उत्पादन वृद्धि गर्न जोड दिइएको उल्लेख गर्दै सूचना अधिकारी साहले यसले वर्षभरि धान उत्पादन प्रणाली सुदृढ बनाउने, खाद्य सुरक्षामा टेवा पुर्‍याउने तथा किसानको आम्दानी बढाउन सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो।

# 'एमआरपी' र 'लेबल' अनिवार्य गर्न

काठमाडौँ, २७ चैत (रासस)।

सरकारले बजारमा बिक्री हुने वस्तुमा अधिकतम खुद्रा मूल्य (एमआरपी) र स्पष्ट लेबल अनिवार्य रूपमा उल्लेख गर्न निर्देशन दिएको छ।

वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले बिहीबार एक सूचना जारी गर्दै सबै सरोकारवालालाई उक्त व्यवस्था कडाइका साथ कार्यान्वयन गर्न निर्देशन दिएको हो। सूचनाअनुसार विदेशबाट आयात हुने वस्तुमा आयातकर्ताको विवरणसहित एमआरपी उल्लेख भएको लेबल अनिवार्य रूपमा राख्नुपर्नेछ। स्वदेशी उद्योगले उत्पादन गर्ने वस्तुमा मूल्य, ब्याच नम्बर, तौल तथा अन्य आवश्यक विवरण स्पष्ट देखिने गरी लेबलिङ गर्नुपर्नेछ।

विभागले स्पष्ट लेबल नभएका वा एमआरपी उल्लेख नभएका वस्तु बिक्री नगर्न बिक्रेताहरूलाई निर्देशन दिएको छ। लेबलमा उल्लेखित मूल्यभन्दा बढी मूल्यमा बिक्री वितरण गर्न पूर्ण रूपमा निषेध गरिएको छ।

कुनै पनि वस्तु खरिद गर्दा अनिवार्य रूपमा एमआरपी, उत्पादन विवरण र प्रयोगसम्बन्धी जानकारी हेरेर मात्र खरिद गर्न विभागले आम उपभोक्तामा आग्रह गरेको छ।




**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शंखर,
**मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*